# भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा
३ नं. प्रदेश, नेपाल ।

## आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य

**अध्यक्ष महोदय,**

१. स्थानीय तहको निर्वाचन पश्चात् नगरपालिकाको दोस्रो बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यो अवसरमा नेपाली नागरिकको अधिकार र समृद्धिको सपनाका लागि आफ्नो प्राण आहुति दिनु हुने ज्ञात अज्ञात सहिदहरूप्रति सम्मान अर्पण गर्दछु ।

२. नगरपालिकाले निर्वाचन पश्चात्को एक वर्षमा चालु आर्थिक वर्षको बजेट कार्यान्वयनका सन्दर्भमा हासिल गरेका अनुभव र नगरवासीका तर्फबाट समय समयमा प्राप्त सुझाव समेतका आधारमा आर्थिक वर्ष २०७५/७६ को बजेट तयार गरिएको छ । बजेट तयार गर्दा मूलतः नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका मार्गदर्शनका आधारमा भीमेश्वरको समृद्धि र दीगो विकासका लक्ष्य प्राप्त हुने क्षेत्रमा लगानी प्रवाह गरिएको छ ।

**अध्यक्ष महोदय,**

३. अब म चालु आ.व. २०७४/७५ को जेठ मसान्तसम्म भएका गतिविधिहरू बारे संक्षिप्त जानकारी राख्ने अनुमति चाहन्छु ।

४. चालु आ.व.का लागि विनियोजन भएको कुल रकम रु. ४५ करोड ९२ लाख ८९ हजार मध्ये चालु खर्च रु. २८ करोड ६६ लाख ४८ हजार र पुंजीगत खर्च रु. १७ करोड २६ लाख ४१ हजार रहेको थियो । सोमध्ये चालु आ.व. को जेठ मसान्तसम्ममा चालु खर्च रु. १८ करोड ६९ लाख ९० हजार (६५ प्रतिशत) र पुंजीगत खर्च रु. ४ करोड ९९ लाख ९ हजार (२९ प्रतिशत) खर्च भएको छ ।

५. नगरपालिकाले चालु आर्थिक वर्षमा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी २१३ वटा कार्यक्रम तथा आयोजना छनौट भएकोमा ८९ वटा कार्यक्रम तथा आयोजनाको कार्य सम्पन्न भएका छन् भने १२४ वटा कार्यक्रम तथा आयोजना कार्यान्वयनका चरणमा रहेका छन् ।

६. नगरपालिकामा १७४४ जेष्ठ नागरिक, २०७ दलित जेष्ठ नागरिक, ८८० एकल महिला, २९ पूर्ण अशक्त, ११९ आंशिक अशक्त र २०२ जना ५ वर्ष मुनिका दलित बालबालिका गरी ३१८१ जनालाई रु. ४ करोड ५५ लाख ५५ हजार २ सय सामाजिक सुरक्षा भत्ता बैक खाता मार्फत वितरण गर्न निकासा गरिएकोमा दोस्रो किस्तासम्मको रकम वितरण गरी सकिएको र तेस्रो किस्ता वितरण गर्ने क्रममा रहेको छ ।

७. नगरपालिकामा चालु आ.व. को जेठ मसान्तसम्म रु. २ करोड ११ लाख ७६ हजार आन्तरिक आय प्राप्त भएको छ। नेपालको संविधान बमोजिम नगरपालिकाले लगाउने कर, दस्तुर तथा शुल्क लगायतका राजस्वको दरलाई वैज्ञानिक बनाई त्यसको आधारहरूलाई विस्तार गर्न नगरपालिकाले आफ्नो आन्तरिक जनशक्ति राजस्वको अध्ययन र प्रतिवेदन तयारीमा बढीभन्दा बढी परिचालित गरी राजस्व परामर्श समितिको

प्रतिवेदनलाई यथार्थपरक बनाउने प्रयास गरिएको छ । यसबाट आगामी दिनहरूमा करको दायरा विस्तार भई आन्तरिक राजस्व परिचालन सुदृढ हुने विश्वास लिएको छु ।

८. महालेखा परीक्षक कार्यालयले आ.व.२०७३/०७४ मा कूल बेरुजु रु. ११ लाख १६ हजार औंल्याइएकोमा रु. ५ लाख ३८ हजार ७ सय ३२ (४८ प्रतिशत) फछ्र्यौट भई रु. ५ लाख ७७ हजार २ सय ६८ फछ्र्यौट हुन बाँकी बेरुजु रहेको छ ।

**अध्यक्ष महोदय,**

९. अब म आ.व. २०७५/७६ को बजेट निर्माणमा अपनाईएको प्रकृया र बजेटका उद्देश्य एवम् प्राथमिकतालाई संक्षिप्त रुपमा राख्न अनुमति चाहन्छु । आ.व. २०७५/७६ का लागि भीमेश्वर नगरपालिकाले वडागत रूपमा वडास्तरीय पूर्व योजना तर्जुमा परामर्श छलफलको आयोजना गरी वडावासीमार्फत वडाको समृद्धिको क्षेत्र पहिचान गर्ने तथा वडागत प्राथमिकता निर्धारण गर्ने र वस्ती तथा वडास्तरीय योजना तर्जुमा गोष्ठीका माध्यमबाट नीति निर्माण तथा आयोजना छनौटको कार्यमा बढी भन्दा बढी जनसहभागिता जुटाउने प्रयास गरिएको छ । यसबाहेक नगरपालिकाले सघन रूपमा राजनीतिक दलका प्रतिनिधि, विषयगत कार्यालयका प्रमुख/प्रतिनिधि, पूर्व जनप्रतिनिधि, विज्ञ एवम् बुद्धिजीवी, संघ/संस्थाका प्रमुख/प्रतिनिधि, ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति तथा दलित समुदाय, खेलप्रेमी, सहकारीकर्मी, सामुदायिक वनका पदाधिकारी, पर्यटन व्यवसायी, टोल सुधार समितिका पदाधिकारी, पत्रकार, लगायत विभिन्न सरोकारवाला समूहहरूसँग अलग अलग परामर्श लिई बजेटको प्राथमिकता निर्धारण गरिएको छ ।

१०. आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) नगरपालिकाभित्र दीगो विकासका आधारहरू तयार गरी नागरिकको जीवनस्तरमा सुधार गर्नु,

(ख) नगरभित्रका साधन स्रोतको अधिकतम उपयोग गरी समृद्धि हासिल गर्नु,

(ग) आर्थिक, भौतिक तथा सामाजिक संरचनामा सुधार गरी स्वरोजगार तथा आयआर्जनका अवसर सिर्जना गर्नु,

११. आर्थिक वर्ष २०७५/७६ को बजेटका प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु ।

(क) विद्यालय शिक्षाको गुणस्तर सुधार गरी भीमेश्वर नगरलाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्ने, सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्न बालबालिका तथा अभिभावक केन्द्रित कार्यक्रम सञ्चालन गर्ने,

(ख) नगरको पर्यटकीय पूर्वाधारको विकास तथा ऐतिहासिक दोलखा नगरीको पुनर्निर्माण कार्यमा तीब्रता दिने,

(ग) कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरणका माध्यमबाट कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बन्ने,

(घ) सहरी पूर्वाधारको विकास एवम् नगरवासीको आर्थिक समृद्धिको माध्यमद्वारा जीवनस्तरमा सुधार ल्याउने,

(ङ) नगरवासीलाई स्वास्थ्य सेवामा सहज पहुँच प्रदान गरी आधारभूत स्वास्थ्यको हक स्थापित गर्ने,

(च) नगरभित्र पूर्वाधार विकास तथा रोजगारी सिर्जनामा सार्वजनिक, निजी तथा सहकारीसँगको साझेदारी गर्ने,

(छ) पर्यटकको बसाई लम्ब्याई रोजगारी तथा आय आर्जनका थप अवसर सिर्जना गर्ने ।

१२. अब म आ.व. २०७५/७६ मा नगरभित्र सञ्चालन हुने प्रमुख कार्यक्रम तथा आयोजनाहरूका लागि रकम विनियोजनको प्रस्ताव गर्ने अनुमति चाहन्छु ।

**कृषि, पशुपालन, कृषि प्रसार तथा सिंचाई**

१३. नगरपालिकाको वडा नं. १, ६, ७, ८ र ९ मा अलैंची तथा किवी, वडा नं. ३, ४, ६ र ७ मा मौसमी एवम् वेमौसमी तरकारी खेती विस्तार गरिने छ । वडा नं. ४ र ५ मा अकबरे खुर्सानी, कागती, बेसार तथा अदुवा खेतीको विकास गर्ने योजना तर्जुमा गरिएको छ । साथै वडा नं. १ मा जैविक खेती र नगरको तल्लो तटीय क्षेत्रमा आँप, लिचि, कफी र केरा खेतीका लागि प्रोत्साहनको कार्यक्रमहरूको व्यवस्था गरेको छु ।

१४. कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगमा वृद्धि गर्न मिनी पावर ट्रेलर तथा थ्रेसरको खरिदमा अनुदानको व्यवस्था मिलाइएको छ । साथै परम्परागत घरेलु कृषि औजार कारखाना स्थापना र सञ्चालनका लागि अनुदानको व्यवस्था मिलाएको छु ।

१५. वडा नं. ५ मा व्यवसायिक वाखा पालन तथा वडा नं. ८ र ९ मा व्यवसायिक गाई पालनमा अनुदानको व्यवस्था गरिएको छ, भने लोकल कुखुरा पालन तथा व्यावसायिक मौरी पालनमा अनुदानको नीतिलाई निरन्तरता दिईएको छ ।

१६. पशुस्वास्थ्य, कृत्रिम गर्भाधारणद्वारा नश्ल सुधार, क्वारेण्टाईन जाँच, उन्नत पशु आहार आदिका माध्यमद्वारा पशुपालनलाई व्यवसायिकीकरण गर्दै लगिनेछ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाईने छ ।

१७. वधशाला निर्माण सम्पन्न गर्नुका साथै मासुजन्य उत्पादनको व्यवस्थित ओसारपसारको व्यवस्था मिलाई नगरवासीलाई स्वस्थकर मासु उपलब्ध हुने व्यवस्था गराइने छ ।

१८. सिंचित क्षेत्रको विस्तार, विषादिको न्यूनीकरण, कृषि प्राविधिकको परिचालन आदिका माध्यमबाट कृषि उपजमा वृद्धि गर्नुका साथै साझेदारीका माध्यमबाट कृषि उपज सङ्कलन तथा बजारीकरण केन्द्रको स्थापना गरी कृषकको आयमा वृद्धि गर्ने कार्यक्रमको व्यवस्था गरेको छु ।

१९. बाँदर आतङ्कबाट किसानको बालिनालिमा हुने क्षतिलाई रोकथाम गर्न वाँदर नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाएको छु ।

२०. जिलुमा रहेको सर्व माविलाई प्राविधिक कृषि क्याम्पसको रूपमा स्तरोन्नतिका लागि भौतिक पूर्वाधारको विस्तार गरिनेछ । यसका लागि रु. पचास लाख विनियोजन गरेको छु ।

२१. कृषि, पशुपालन तथा सिंचाई क्षेत्रमा कूल रु. १ करोड ८७ लाख २५ हजार रकम विनियोजन गरेको छु ।

**उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन**

२२. भीमेश्वर उन्नत कोषका माध्यमद्वारा भीमेश्वर उद्योग ग्राम स्थापना, लगानीका क्षेत्रमा साझेदारी, उद्योग स्थापना एवम् सञ्चालन गर्न प्रेरित गर्ने र वडा नं. ९ मा समुदायस्तरमा आलुचिप्स उद्योग स्थापनामा सहयोग पुऱ्याईने कार्यक्रम रहेको छ। बजारमा उपलब्ध खाद्य सामग्रीको गुणस्तर तथा उपभोग्य सामग्रीको मूल्य अनुगमनलाई तीव्र बनाईने छ। उद्योग वाणिज्य तथा बजार व्यवस्थापन तथा नयाँ उद्योगको सम्भाव्यता अध्ययन समेत गर्नका लागि कूल रु. १२ लाख रकम विनियोजन गरेको छु।

**पर्यटन**

२३. ऐतिहासिक दोलखा बजारको साँस्कृतिक सम्पदाको संरक्षण एवम् विश्व सम्पदा सूचीमा सूचीकृतका लागि पहल, विभिन्न पार्क तथा मन्दिरको निर्माण तथा सुधार, सार्वजनिक जग्गामा पार्क निर्माण, ध्यान केन्द्र निर्माण, थामी सङ्ग्रहालय निर्माण, खप्तड स्वामीको आश्रम जिर्णोद्वार, विश्व शान्ति बुद्ध पार्क निर्माण, भ्यू-टावरसम्मको हाईकिङ रुट निर्माण, सूचना केन्द्र तथा कफी हाउस सहितको भीमेश्वर प्रवेशद्वार निर्माण, विमानस्थलको सम्भाव्यता अध्ययन, साहसिक पर्यटन तथा थप पर्यटकीय सम्भाव्यता अध्ययन र हात्तिछहारा हाईकिङ रुटका निर्माणका लागि बजेट प्रस्ताव गरेको छु।

२४. नगरमा पर्यटक मैत्री वातावरण सिर्जना गर्न, डकुमेण्ट्री तथा प्रचार सामग्री निर्माण तथा प्रचार प्रसार गर्न, माउण्टेन बाईक प्रतियोगिता आयोजना गर्न र नगरको सौन्दर्यता बढाउन बजेट विनियोजन गरेको छु। उल्लिखित कार्यहरूका लागि पर्यटन क्षेत्रमा कूल रु. २ करोड १८ लाख ५० हजार रकम विनियोजन गरेको छु।

**सहकारी**

२५. सहकारीसँगको साझेदारीमा कृषि उपज केन्द्र स्थापना तथा विपन्न वर्गका लागि उद्योग व्यवसाय तालिम तथा विउ पुँजीका लागि कूल रु. ५ लाख रकम विनियोजन गरेको छु।

**आधारभूत तथा माध्यामिक शिक्षा**

२६. भीमेश्वर नगरपालिकामा रहेको गौरीशङ्कर बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार विकासका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु। साथै क्षमावती माविमा प्राविधिक शिक्षा सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण गरिने छ। सामुदायिक तथा संस्थागत विद्यालयहरूका लागि शैक्षिक पात्रो निर्माण, कक्षा पाँच र आठको नगरस्तरीय परीक्षा सञ्चालन, विद्यालयस्तरीय खेलकूद तथा अतिरिक्त कृयाकलाप सञ्चालन र विद्यालय मापदण्ड कार्यान्वयनको अनुगमन कार्य अघि बढाईने गरी बजेटको व्यवस्था मिलाएको छु।

२७. सामुदायिक विद्यालयका कक्षा एकसम्मका बालबालिकालाई दिवा खाजा र कक्षा पाँचसम्मका विद्यार्थीलाई विद्यालय पोसाक, प्रविधिमैत्री शिक्षण सिकाई, शिक्षण सिकाई सामग्री, बालकक्षा शिक्षक प्रोत्साहन, विद्यालय फर्निचर, विद्यालय भवन निर्माण, पाठ्यपुस्तक वितरण, पुस्तकालय स्थापना, शिक्षकलाई पाठ्यसामग्री झोला, शिक्षक तालिम, नमूना विद्यालय निर्माण, विद्यालय स्काउट तथा विद्यालयस्तरीय शैक्षिक प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी शैक्षिक गुणस्तरमा सुधार ल्याईने छ। शिक्षा क्षेत्रका उल्लिखित कार्यका लागि कूल रु. २० करोड ६० लाख ५ हजार रकम विनियोजन गरेको छु।

**आधारभूत स्वास्थ्य तथा अस्पताल व्यवस्थापन**

२८. चरिकोट अस्पताललाई जिल्लाका अन्य स्थानीय सरकारहरू समेतको योगदान रहने गरी साझेदारीमा सघन उपचार कक्ष (आई.सि.यु.) को स्थापनाका लागि रु. पच्चीस लाख रकम विनियोजन गरेको छु।

२९. स्वास्थ्य क्षेत्रमा विभिन्न प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्य सञ्चालन गर्न, स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य क्लिनिकमा औषधिको नियमित आपूर्ति गर्न, भिटामिन "ए" तथा खोप कार्यक्रम सञ्चालन गर्न, सबै स्वास्थ्य संस्थामा चौबिसै घण्टा प्रसुति सेवा सञ्चालन गर्न, आमा र बच्चाको पोषणमा सुधार गर्न, स्वास्थ्य संस्थामा प्रसुति गराउने र बच्चा जन्मेको पैंतिस दिनभित्र जन्म दर्ता गराउने आमालाई प्रोत्साहन दिन, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन सामग्री उपलब्ध गराउन तथा आयुर्वेद एवम् योग पद्धतिबाट **स्वस्थ भीमेश्वर**को अभियान सञ्चालन गर्न कूल रु. ३ करोड ८२ लाख ४८ हजार रकम विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई**

३०. नगरपालिकाको वडा नं. २, ३, ४, ५, ६ र ७ मा स्वच्छ खानेपानी व्यवस्थाका लागि साना सहरी खानेपानी तथा सरसफाई कार्यक्रमलाई यसै आ.व. देखि सुरु गरिएको छ। साथै सबै वडामा खानेपानी मर्मतका वडास्तरीय आयोजनाहरू सञ्चालनमा ल्याईनुका साथै खानेपानीको मुहानको संरक्षण गरिनेछ। जनतासँग मेयर कार्यक्रम मार्फत अत्यावश्यक देखिएका स-साना खानेपानी पूर्वाधार निर्माणमा समुदायलाई सहयोग पुऱ्याउने कार्यक्रमको व्यवस्था गरिएको छ।

३१. नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरी क्रमशः पूर्ण सरसफाईयुक्त नगरका रुपमा विकास गर्दै लगिने छ। खानेपानी तथा सरसफाई क्षेत्रका उल्लिखित कार्यहरूका लागि रु. ८३ लाख रकम विनियोजन गरेको छु।

**भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रर्वद्धन**

३२. दोलखा सम्पदा वस्तीमा रहेको टक्सार भवनको पुनर्निर्माण गर्नका लागि नगरको स्वामित्वमा ल्याई प्रक्रिया अगाडि बढाउने कार्य प्रारम्भ गरिने छ। मठ मन्दिर तथा गुम्बा, हिपा थामी, झाँक्री जात्रा तथा साँस्कृतिक नगरी दोलखाका परम्परागत जात्रा लगायतका अन्य सम्पदा, साँस्कृतिक धरोहर एवम् चाडपर्व, मेला र परम्परागत वाद्यवादन सामग्रीको संरक्षण गरिनेछ। मञ्जुश्री, वारणसी क्षेत्रको गुरुयोजना निर्माण गरी कार्य अगाडि बढाइने छ। दोलखादेखि जनकपुर हुँदै अयोध्या तथा हस्तीनापुरसम्म जोडि धार्मिक पर्यटकको वृद्धि गरिनेछ।

३३. थामी राष्ट्रिय भेला लगायतका जातीय सँस्कृति तथा भाषा संरक्षण अभियानलाई प्रोत्साहित गरिएको छ। भाषा, संस्कृति तथा ललितकलाको संरक्षण तथा प्रर्वद्धनका लागि कूल रु. २ करोड ४५ लाख ५० हजार रकम विनियोजन गरेको छु।

**खेलकुद तथा मनोरञ्जन**

३४. राष्ट्रपति रनिङ्ग सिल्ड, नगरपालिकाभित्र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता, मेयर कप फुटबल एवम् क्रिकेट प्रतियोगिता, उप-मेयर कप महिला भलिबल प्रतियोगिता, साहसिक खेल प्रतियोगिता र अन्य स-साना खेलकुद प्रतियोगिता सञ्चालन गर्ने कार्यक्रम राखिएको छ।

३५. टुँडिखेल विस्तार र कवर्ड हल निर्माणको कार्य सुरु गरिने छ । एक वडा एक खेल मैदानको अवधारण अनुरुप खेलकुदको पूर्वाधार निर्माण गर्ने व्यवस्था गरिएको छ। सम्भावित अन्य स्थानहरूमा खेलकूद पूर्वाधार निर्माण गर्दै लगिने छ। विद्यालयमा खेल प्रशिक्षक तथा खेलसामग्रीको व्यवस्था मिलाउँदै लगिने छ।

३६. नगरको विकासलाई सहयोग पुऱ्याउने विभिन्न टोल विकास समिति लागायत सामाजिक सङ्घ संस्थालाई सहयोग पुऱ्याइने छ । खेलकूद तथा मनोरञ्जनका क्षेत्रमा कूल रु. २ करोड ५ लाख ८२ हजार रकम विनियोजन गरेको छु ।

**लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथ सामाजिक सुरक्षा**

३७. ज्येष्ठ नागरिकलाई बैंक मार्फत वडाभित्रै सहज ढङ्गले सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाईनेछ । ७० वर्ष नाघेका ज्येष्ठ नागरिकलाई जेष्ठ नागरिक भेटघाट कार्यक्रमको माध्यमबाट स्वास्थ्य परीक्षणका लागि वार्षिक रु. १,०००/- प्रदान गर्ने व्यवस्था गरिएको छ ।

३८. महिलासँग उपमेयर कार्यक्रम मार्फत हिंसापीडित महिला, बालश्रमिक, सङ्कटमा रहेका महिला एवम् बालबालिकाको आकस्मिक उद्धार, आश्रय व्यवस्था तथा  पुर्नस्थापना एवम् अन्य आयआर्जनका कृयाकलाप सञ्चालन, लैङ्गिक विभेद, जातीय विभेद, बालविवाह आदि जस्ता कुरिति विरुद्ध अभियान सञ्चालन, जुवातास र मदिरा नियन्त्रण अभियान सञ्चालन, नीति निर्माणमा महिला तथा सीमान्तकृत समुदायको पहुँच वृद्धि, किशोर किशोरीको नेतृत्व क्षमता विकास, सूचना तथा सञ्चारमा महिला तथा महिला आत्मरक्षा कार्यकम, युवा महिला उद्यमशिलता तथा दलित, जनजाति, अपाङ्ता भएका व्यक्ति लगायतका समुदायको आयआर्जन वृद्धि, पूर्ण अपाङ्गता भएका व्यक्तिलाई सहयोग, सुरक्षित सहर आदि जस्ता कार्यलाई प्रवर्द्धन गरिनेछ । वैदेशिक रोजगारीका कारण बढ्दै गएको पारिवारीक विखण्डनलाई न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम गरिने छ । न्यायिक समिति तथा मेलमिलाप केन्द्रको व्यवस्थापनका लागि रकम विनियोजन गरेको छु । उल्लिखित लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा सामाजिक सुरक्षा कार्यक्रममा रु. ७ करोड ७ लाख २७ हजार (जेष्ठ नागरिक, दीर्घसेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम समेत) रकम विनियोजन गरेको छु ।

**सडक पूर्वाधार विकास**

३९. मदन आश्रित मार्ग (घ्यावापानी-सेरा  र सेरा-बाघखोर खण्ड), जिलु चक्रपथ, पाटीखोला-कुप्री सडक, बालगृह-महाङ्काल सडक, बालगृह-गाईघाट सडक, दोलखा-नागदह सडक जस्ता नगरका मुख्य सडकको स्तरोन्नती गरी बाह्रै महिना यातायात सहज बनाउन एउटा सडक खण्डलाई कम्तीमा रु. ६० लाख पर्ने गरी विनियोजन गरेको छु ।

४०. वडाहरूलाई सडक सञ्जालमा एक आपसमा जोड्दै लाने नीति अनुरुप वडा नं. १ को कुसिपा र वडा नं. २ को डोक्थली जोड्ने गरी सडकको विस्तार तथा स्तरोन्नति गर्न आवश्यक रकम विनियोजन गरेको छु । पर्यटन मार्ग (च्यानडाँडा-देउराली) लाई समेत रकम विनियोजन गरेको छु । साथै डिही फसिभै एकिकृत वस्ती निर्माणका लागि आवश्यक पर्ने गिटी, बालुवा आयतमा सहज पुग्ने डिही-वादी-तामाकोशी सडकलाई रकम विनियोजन गरेको छु ।

४१. वडास्तरीय सडक आयोजनाका लागि आवश्यक रकम विनियोजन गरेको छु । सडकका लागि भएको विनियोजनबाट सडक सुरक्षा संरचना र वायो इन्जिनियरिङको व्यवस्था गर्नु पर्ने नीति अघि सारिएको छ ।

४२. नगरभित्रका सडकको विस्तृत लगत तयार गर्न रकम विनियोजन गरेको छु । सडक पूर्वाधार विकास तर्फ कूल रु. ९ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकास**

४३. **जनताको कर जनताका लागि** भन्ने मान्यतका साथ नगरको मूख्य बजार क्षेत्र एवम् सघन आवास क्षेत्रमा सडक वत्ति तथा सी. सी. टी. भी. जडान गर्न रु. ८० लाख रकम विनियोजन गरेको छु भने सातदोबाटोदेखि पशुपति डाँडासम्म सडक पेटी निर्माण गर्न रु. १ करोड विनियोजन गरेको छु । नगरपालिका क्षेत्रमा बसपार्क निर्माण स्थलको टुङ्गो लगाई निर्माण कार्य थालनी गरिने छ भने सार्वजनिक निजी साझेदारीमा वधशाला निर्माणका लागि बजेटको व्यवस्था गरेको छु ।

४४. नगरपालिकाको वडा नं. १, २ र ४ (बोसिम्पा, दोलखा र जिलु) क्षेत्रमा एकिकृत वस्ती विकासका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु । लागत सहभागितामा थप एकीकृत वस्ती निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने कार्य अघि बढाईनेछन् ।

४५. नर्सरी फर्महरूसँगको साझेदारीमा वर्षभरिनै सडकको दुई तर्फ सौंन्दर्य बढाउने प्रजातिका रुख  विरुवा तथा मौसम अनुसारका फूल लगाई सडकलाई सुन्दर बनाउन आवश्यक रकम विनियोजन गरेको  छु ।

४६. नगरपालिकाको कार्यालय परिसरभित्र सवारी साधन पार्किङ सहितको दुई तल्ले नयाँ प्रशासनिक भवनको निर्माण कार्य सुरु गर्ने गरी रकम विनियोजन गरेको छु । व्यापारिक महत्वका पाखलती भवनको तला थप गर्न रकम विनियोजन गर्नुका साथै नगर विकास कोषको अनुदान तथा ऋण सहयोगमा सातदोबाटो सपिङ कम्प्लेक्स भवन निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

४७. नगरका घरको पहिचानमा सहयोग पुग्ने गरी नगरपालिकासँग भएको मेट्रिक्स प्रणालीको अभिलेख बमोजिम गैरसरकारी संस्थाको सहकार्यमा घर नम्बर टाँस गर्ने कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४८. नगरपालिकाको भू-उपयोग नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

४९. नगरपालिकामा यातायातको सहज व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीमा नगर वस सेवा सञ्चालन गरिनेछ । भवन तथा शहरी विकासका लागि कूल रु. ६ करोड ३२ लाख रकम विनियोजन गरेको छु ।

**सूचना, सञ्चार**

५०. नगरपालिकाबाट प्रदान हुने सेवालाई सूचना प्रविधिको माध्यमबाट प्रवाह गरी सेवा प्रवाह गर्न आवश्यक, वडा कार्यालयहरूको इण्टरनेट ब्याण्डविथ सुधार गर्न, जनतासँग मेयर तथा महिलासँग उपमेयर कार्यक्रम मार्फत नगरवासीसँग नियमित अन्तरकृया गर्न, मासिक पत्रकार भेटघाट, सार्वजनिक सुनुवाई, सामाजिक

परीक्षण आदिमा मिडियासँग सहकार्य गर्न, रेडियो तथा पत्रिकालाई अनुदान उपलब्ध गराउन रु. ५ लाख रकम विनियोजन गरेको छु ।

## उर्जा तथा सडक वत्ति

५१. नगरपालिकाले सार्वजनिक -निजी साझेदारी अवधारणा अनुसार जलविद्युत क्षेत्रमा लगानी गर्न जलविद्युत आयोजना संभाव्यता अध्ययन गरिने छ । सहरी क्षेत्रमा उर्जा तथा सडक वत्ति व्यवस्थापनका लागि रु. १ करोड ५ लाख २४ हजार रकम विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

५२. नगरक्षेत्रका सार्वजनिक जग्गा संरक्षण, सामूदायिक वन, धार्मिक वन, निजी वन, कबुलियति वन तथा जग्गाहरूमा समेत लोठसल्ला तथा लोपोन्मुख जडिबुटी खेतीका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५३. वन क्षेत्रमा जैविक विविधता कायम राख्न वनस्पतिको संरक्षण, खुल्ला चिडियाखाना तथा विज्ञान पार्कको सम्भाव्यता अध्ययन एवम् जलाधार संरक्षण, सामुदायिक वनमा रिचार्ज पोखरी निर्माण, वन नर्सरी स्थापना एवम् चौडा पाते विरुवा विस्तार लगायतका कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

५४. जलवायु परिवर्तन प्रभाव न्यूनीकरण तथा जलवायु अनुकूलन, वन डढेलो नियन्त्रण, वन प्रमाणिकरण, सडक दायाँवायाँ खोला, खोल्सा खोल्सी किनारा आसपास बाँस, निगाँलो, अम्रिसो, अलैंची, लहरे पिपल, लगायतका विरुवा रोप्ने अभियान सञ्चालन गर्न, सुधारिएको चुलो, वायोग्याँस आदि जस्ता वैकल्पिक उर्जाको विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५५. विपद् व्यवस्थापन तथा उद्धार एवम् राहत कार्यका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोषको स्थापना गरेको छु ।

५६. टोल सुधार तथा सरसफाई समितिलाई नगरको सर्वाङ्गिन विकास तथा आ-आफ्ना टोल सफा राख्ने लगायतका कार्यमा कृयाशिल गराउन आवश्यक अनुदानको व्यवस्था गरेको छु ।

५७. सार्वजनिक निजी साझेदारीमा सरसफाई केन्द्रको स्थापना गरी फोहोरमैला व्यवस्थापनलाई आय आर्जनको स्रोतको रूपमा विकास गर्न तथा सरसफाई अभियान सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

५८. वारुणयन्त्रको तत्काल प्रयोग गर्न सक्ने व्यवस्था मिलाउन तथा आगलागीबाट बच्न अपनाउनु पर्ने सजगता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न समेत स्रोत व्यवस्था गरिएको छ । साथै उल्लिखित कार्यहरू गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु । वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि कूल रु. ७६ लाख ८४ हजार विनियोजन गरेको छु ।

## सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह

५९. आयोजना अनुगमनको अलग्गै कार्ययोजना वनाई आयोजना सुरु हुनु पूर्व, आयोजना कार्यान्वयनको चरण तथा आयोजना सम्पन्न भए पश्चात् गरी तीन चरणमा आयोजनाको अनुगमन गर्नका लागि वडा समितिका सबै सदस्यहरूलाई प्रशिक्षित गराउन आवश्यक बजेट विनियोजन गरेको छु । त्यसैगरी मिडिया समेतको सहभागितामा तेस्रो पक्ष अनुगमन, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यलाई अघि बढाउन आवश्यक रकम विनियोजन गर्नुका साथै सार्वजनिक परीक्षणको कार्यलाई आयोजना तथा कार्यक्रमको

लागत अनुमानमा समावेश गरिने छ । साथै सुशासन तथा संस्थागत विकासका लागि रु. १ करोड ५० लाख २० हजार रकम विनियोजन गरेको छु ।

६०. योगदानमा आधारित अवकाश कोषको व्यवस्था गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६१. नगरपालिकामा सिप तथा प्रविधि हस्तान्तरण, साँस्कृतिक आदान प्रदान तथा अन्तर्राष्ट्रिय लगानी आकर्षण गर्न संसारका विभिन्न सहर तथा काउन्टीसँग भगिनी सम्वन्ध विस्तार गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

६२. आयोजना कार्यान्वयन उत्कृष्ट रूपमा गर्ने वडालाई पुरस्कार स्वरुप रु. १५ लाखको आयोजना दिने व्यवस्था गरेको छु ।

६३. करदातालाई सम्मान स्वरुप उत्कृष्ट कारदाता घोषणा गरी पुरस्कार दिने व्यवस्था गरेको छु ।

६४. उल्लिखित सम्पूर्ण क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि चालु तर्फ रु. ४१ करोड ८५ लाख २५ हजार, पूँजिगत तर्फ रु. ३३ करोड ७० लाख ३४ हजार र वित्त व्यवस्थापन तर्फ रु. १५ लाख गरी जम्मा रु. ७५ करोड ७० लाख ५९ हजार विनियोजन गर्न प्रस्ताव गरेको छु ।

६५. आर्थिक वर्ष २०७५/७६ का लागि कुल बजेट विनियोजन तथा खर्चका स्रोतको विवरण अनुसूचि १ मा राखेको छु । नगरपालिकाका वडा केन्द्र जोड्ने तथा दुई वडा जोड्ने सडक, सडक वत्ती तथा सडकपेटी विस्तार, कवर्ड हल निर्माण, टुँडिखेल विस्तार लगायतका प्रमुख आयोजनाको तीन वर्षे मध्यमकालिन खर्च संरचना अनुसूची २ मा संलग्न राखेको छु । यसबाट आगामी वर्षहरूमा प्रमुख आयोजनाहरूका लागि विनियोजनको प्रक्षेपण गर्न सहज हुने विश्वास लिएको छु । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ मा सञ्चालन हुने आयोजना समयमै सम्पन्न गर्न सहयोगी हुने बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यतालिक (कार्यपात्रो) २०७५ अनुसूची ३ मा राखेको छु । यी व्यवस्थाहरूबाट बजेट निर्माणको कार्य संस्थागत हुनुका साथै आर्थिक वर्षको सुरुदेखि नै कार्यक्रम तथा आयोजना सञ्चालन समयमै सम्पन्न हुने र स्रोतको समुचित उपयोग हुने विश्वास लिएको छु ।

**अध्यक्ष महोदय,**

६६. अब म उल्लिखित विनियोजन अनुसार कार्यक्रम तथा आयोजना सञ्चालनका लागि आवश्यक स्रोतको प्रस्ताव गर्ने अनुमति चाहन्छु । नगरपालिकाले पहिचान गरेका स्रोत र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका राजस्वका दर समेतका आधारमा आन्तरिक स्रोतबाट रु. २ करोड परिचालन हुने अनुमान गरेको छु ।

६७. नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान रु. १७ करोड ११ लाख, सशर्त अनुदान रु. २३ करोड ९१ लाख तथा राजस्व बाँडफाँडबाट रु. ७ करोड २१ लाख ६६ हजार प्राप्त हुनेछ भने प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदानबाट रु. ८१ लाख ६ हजार तथा सशर्त अनुदानबाट रु. ३ करोड ८१ लाख ४० हजार प्राप्त हुनेछ । त्यसैगरी सामाजिक सुरक्षा अनुदान रु. ६ करोड ११ लाख ९१ हजार,

नगरविकास कोषको आन्तरिक ऋण तथा अनुदान रु. ६ करोड, सडक वोर्ड, नेपालबाट रु. ५० लाख र नगदमा आधारित लागत सहभागिताबाट रु. ५० लाख प्राप्त हुनेछ ।

६८. उल्लिखित आय वा स्रोत र व्यय वा खर्चको अनुमानबाट रु. ७ करोड ७२ लाख ५६ हजार न्यून हुने रहेको छ । न्यून हुने बजेट आन्तरिक आय तथा चालु आ.व.को वित्तीय समानिकरण अनुदानबाट खर्च हुन बाँकी रहेको रकमबाट व्यहोरिने छ । त्यसबाट पनि नपुग हुने रकम थप स्रोत उपलब्ध भएको अवस्थामा कार्यपालिकाबाट रकमान्तर गरी कार्यक्रम तथा आयोजना सञ्चालनमा ल्याईने छ । थप स्रोतको उपलब्धता हुन नसकेको अवस्थामा आयोजना प्राथमिकिकरण तथा कार्यपात्रो अनुरुप समयमा सञ्चालन हुन नसकेका आयोजनाको रकम कटौती गरी स्रोत परिचालनलाई व्यवस्थित गरिनेछ ।

**अन्त्यमा,**

६९. चालु वर्षमा नगरपालिकाको नीति तथा कार्यक्रम र आयोजना सञ्चालनका क्रममा समय समयमा हामीलाई अमूल्य सुझाव प्रदान गरी मार्गदर्शन गर्नुहुने नगरवासी, वडा समितिका पदाधिकारीहरू, सल्लाहकारहरू, विभिन्न सङ्घसंस्था तथा निकाय, नगर कार्यपालिकाको कार्यालय तथा विषयगत शाखाका कर्मचारीहरू, लगायत सम्पूर्ण सरोकारवालालाई आभार व्यक्त गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**कमला बस्नेत**
**नगर उपप्रमुख**
**मिति : २०७५ असार १० गते**

**अनूसूची १**

विनियोजन तथा खर्चका स्रोतको संक्षिप्त विवरण

आर्थिक वर्ष ०७५/०७६

रु हजारमा

| शीर्षक | ०७३/०७४ को यथार्थ | ०७४/०७५ को संशोधित अनुमान | ०७५/०७६ को अनुमान | ०७५/०७६ को स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | नेपाल सरकार | नेपाल सरकार | | आन्तरिक |
| | | | | संघिय | प्रदेश | आन्तरिक | अन्य निकाय | ऋण |
| **आम्दानी** | | | | | | | | |
| **राजश्व, अनुदान तथा अन्य** | **155924.74** | **468789.00** | **679803.00** | **543557.00** | **46246.00** | **20000.00** | **10000.00** | **60000.00** |
| **राजश्व** | **21403.76** | **22000.00** | **20000.00** | **0.00** | **0.00** | **20000.00** | **0.00** | **0.00** |
| स्थानीय तहको संचित कोषमा दाखिला हुने राजश्व | 21403.76 | 22000.00 | 20000.00 | 0.00 | 0.00 | 20000.00 | 0.00 | 0.00 |
| **अनुदान** | **121314.30** | **436789.00** | **589803.00** | **543557.00** | **46246.00** | **0.00** | **0.00** | **0.00** |
| संघिय समानिकरण अनुदान | 87829.30 | 190187.00 | 171100.00 | 171100.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| संघिय ससर्त अनुदान | 0.00 | 185411.00 | 239100.00 | 239100.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| प्रदेश समानिकरण अनुदान | 0.00 | 0.00 | 8106.00 | 0.00 | 8106.00 | 0.00 | 0.00 | 0.00 |
| प्रदेश ससर्त अनुदान | 0.00 | 0.00 | 38140.00 | 0.00 | 38140.00 | 0.00 | 0.00 | 0.00 |
| राजश्व बाँडफाड अनुदान | 0.00 | 0.00 | 72166.00 | 72166.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| सामाजिक सुरक्षा अनुदान | 33485.00 | 61191.00 | 61191.00 | 61191.00 | | 0.00 | 0.00 | 0.00 |
| **अन्य/ऋण** | **13206.68** | **10000.00** | **70000.00** | **0.00** | **0.00** | **0.00** | **10000.00** | **60000.00** |
| नगर विकास कोषको आन्तरिक ऋण तथा अनुदान | 0.00 | 0.00 | 60000.00 | 0.00 | 0.00 | 0.00 | 0.00 | 60000.00 |
| सडक बोर्ड | 3733.68 | 5000.00 | 5000.00 | 0.00 | 0.00 | 0.00 | 5000.00 | 0.00 |
| लागत सहभागिता नगदमा आधारित | 9473.00 | 5000.00 | 5000.00 | 0.00 | 0.00 | 0.00 | 5000.00 | 0.00 |

| शीर्षक | ०७३/०७४ को यथार्थ | ०७४/०७५ को संशोधित अनुमान | ०७५/०७६ को अनुमान | ०७५/०७६ को स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | नेपाल सरकार | नेपाल सरकार | | आन्तरिक |
| | | | | संघिय | प्रदेश | आन्तरिक | अन्य निकाय | ऋण |
| **खर्च** | **143236.21** | **459289.00** | **755559.00** | **551485.00** | **46246.00** | **18500.00** | **10000.00** | **60000.00** |
| **चालु** | **53589.24** | **286648.00** | **418525.00** | **380385.00** | **38140.00** | **0.00** | **0.00** | **0.00** |
| पारिश्रमिक /सुविधा | 10591.55 | 25047.89 | 59993.64 | 59993.64 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| कार्यालय संचालन, सेवा तथा सवारी साधन सम्वन्धी खर्च | 9312.69 | 14068.11 | 18975.36 | 18975.36 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| सामाजिक सुरक्षा | 33485.00 | 61891.00 | 62091.00 | 62091.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| आन्तरिक ऋणको व्याज भूक्तानी | 200.00 | 230.00 | 225.00 | 225.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| चालु ससर्त अनुदान तर्फ | 0.00 | 185411.00 | 277240.00 | 239100.00 | 38140.00 | 0.00 | 0.00 | 0.00 |
| **पुँजीगत** | **89646.97** | **172641.00** | **337034.00** | **171100.00** | **8106.00** | **18500.00** | **10000.00** | **60000.00** |
| पुँजीगत खर्च | 89646.97 | 172641.00 | 337034.00 | 171100.00 | 8106.00 | 18500.00 | 10000.00 | 60000.00 |
| **बचत** | **12688.53** | **9500.00** | **-75756.00** | **0.00** | **0.00** | **1500.00** | **0.00** | **0.00** |
| **वितिय व्यवस्थापन** | **385.00** | **0.00** | **1500.00** | **0.00** | **0.00** | **1500.00** | **0.00** | **0.00** |
| आन्तरिक ऋणको साँवा भूक्तानी | 385.00 | 0.00 | 1500.00 | 0.00 | 0.00 | 1500.00 | 0.00 | 0.00 |
| **बचत** | **12303.53** | **9500.00** | **-77256.00** | **0.00** | **0.00** | **0.00** | **0.00** | **0.00** |
| **नपुग बजेट आन्तरिक आय तथा यस आ.व.मा बचत हुने रकम बाट व्यहोर्ने** | | | | | | | | |

**अनुसुची २**

प्रमुख कार्यक्रम तथा आयोजनाको मध्यावधिक खर्च संरचना

रु हजारमा

| सि.नं. | कार्यक्रम /आयोजना | आ.व. ०७५/०७६ को विनियोजन स्रोत | | | | | | आ.व. ०७६/०७७ को अनुमानित खर्च स्रोत | | | | | | आ.व. ०७७/०७८ को अनुमानित खर्च स्रोत | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल जम्मा | पूजिगत | वितिय व्यवस्थापन | नेपाल सरकार संघ तथा प्रदेश अनुदान | आन्तरिक आय | आन्तरिक ऋण तथा अनुदान | कूल जम्मा | पूजिगत | वितिय व्यवस्थापन | नेपाल सरकार संघ तथा प्रदेश अनुदान | आन्तरिक आय | आन्तरिक ऋण तथा अनुदान | कूल जम्मा | पूजिगत | वितिय व्यवस्थापन | नेपाल सरकार संघ तथा प्रदेश अनुदान | आन्तरिक आय | आन्तरिक ऋण तथा अनुदान | |
| 1 | मादन आश्रित मार्ग | 12000 | 12000 | | 12000 | | | 13200 | 13200 | | | | | 14520 | 14520 | | 14520 | | | |
| 2 | उखुबारी मार्ग (पाटीखोला कुर्पी तिनखले शेरा सडक) | 6000 | 6000 | | 6000 | | | 6600 | 6600 | | | | | 7260 | 7260 | | 7260 | | | |
| 3 | महाङ्कल मार्ग (अनाथालय महाङ्कल कोथेखोला सडक) | 6000 | 6000 | | 6000 | | | 6600 | 6600 | | | | | 7260 | 7260 | | 7260 | | | |
| 4 | अनाथालय गाईघाट सडक | 6000 | 6000 | | 6000 | | | 6600 | 6600 | | | | | 7260 | 7260 | | 7260 | | | |
| 5 | भटमासे जिलु कात्तिके जफतिगोलाई | 6000 | 6000 | | 6000 | | | 6600 | 6600 | | | | 6600 | 7260 | 7260 | | 7260 | | | |
| 6 | नागदह सडक | 7500 | 7500 | | 7500 | | | 8250 | 8250 | | | | | 9075 | 9075 | | 9075 | | | |
| 7 | टुडीखेल निर्माण | 5000 | 5000 | | 5000 | | | 5500 | 5500 | | | | | 6050 | 6050 | | 6050 | | | |
| 8 | कवड हल निर्माण | 10500 | 10500 | | 10500 | | | 11550 | 11550 | | | | | 12705 | 12705 | | 605 | | | |
| 9 | सातदोवाटो सपिङ कम्प्लेक्स | 60000 | 60000 | | | | 60000 | 66000 | 66000 | | | | | 72600 | 72600 | | | | 72600 | |
| 10 | फुटपाथ निर्माण | 10000 | 10000 | | | 10000 | | | | | | 10000 | | 0 | 0 | | | 10000 | | |
| 11 | सडक बत्ती विस्तार | 8000 | 8000 | | | 8000 | | | | | | 5000 | | 0 | 0 | | | 5000 | | |
| 12 | नगरपालिका भवन निर्माण | 5000 | 5000 | | 5000 | | | 5500 | 5500 | | | | | 6050 | 6050 | | 6050 | | | |
| 13 | वडा कार्यालय भवन निर्माण | 6000 | 6000 | | | 6000 | | 6600 | 6600 | | | 6000 | | 7260 | 7260 | | | 7260 | | |
| 14 | आन्तरिक ऋणको साँवा फिर्ता | 1500 | 1500 | 1500 | | | | 1650 | 1650 | 1650 | | | | 1815 | 1815 | 1815 | | | | |

**अनुसूचि - ३**

भीमेश्वर नगरपालिका

दोलखा

## आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्यक्रम तथा योजना कार्यान्वयन पात्रो

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७५ | श्रावण | • प्रथम त्रैमासिक परिक्षा<br>• आधारभूत तह वक्तृत्व कला<br>• नगर शिक्षा समिति बैठक<br>• बालबिकासका शिक्षकको रकम थप<br>• निजी सामूदायिक विद्यालय बीच सहकार्य<br>• सिर्जनात्मक तथा अभिव्यक्ति कला (सि.अ.क.)को तालिम<br>• वडा शिक्षा समितिको कार्यविधि निर्माण पहिलो हप्ता<br>• वडा शिक्षा समितिको खर्च<br>• सुपरिवेक्षणको लागि विषयगत समिति गठन<br>• निरन्तर अनुगमन तथा सुपरिवेक्षण शुरु | • पाले, स्वीपर, गार्ड, वगैंचे, क.स. सेवा करार<br>• कुष्ठरोग प्रेषण ल्किनिक सेवा करार<br>• एलएमआईएस अनलाईन कार्यक्रम संचालनको लागि कम्प्यूटर सहायक सेवा करार<br>• औषधि, भ्याक्सिन, साधन, सामाग्री रिप्याकिडतथा . ढुवानी र पूनः वितरण समेत<br>• अस्पताल तथा Birthing Centre मा २४ घण्टा प्रसुती सेवा संचालन गर्न करारमा अ.न.मी. नियुक्ति<br>• विस्तृत कार्यपात्रो तयारी | • कृषि तथा पशु सेवा कर्मचारी करारमा लिन सूचना आव्हान<br>• बधशाला निर्माणको लागि जग्गा टुङ्गो लाउने<br>• कृषक पाठशाला संचालनको लागी कृषक समूह छनौट गरी बैठक संचालन<br>• विस्तृत कार्यपात्रो तयारी | • जनप्रतिनिधि तालिम<br>• बजार अनुगमन<br>• खानेपानी मुहान, सडक सरसफाई | • लागत सहभागिताको योजनाको प्रस्ताव आव्हान | • खरिद योजना पारित गर्ने<br>• निर्माण सामग्रीको नगर दररेट पारित गर्ने<br>• सामग्री आपूर्तिको वार्षिक दररेट माग<br>• सूचीकृतको लागि सूचना आव्हान | • आ.व. ०७४।७५ को तेस्रो चौमासिक तथा वार्षिक समिक्षा | • राजश्व परामर्श समितिको बैठक<br>• राजश्व संकलनको विधि छनौट र ठेक्का वन्दोवस्त<br>• राजश्व शाखाको स्थापना<br>• करदाताहरु लाईं कर शिक्षा तथा प्रेरणा कार्यक्रम<br>• कर निरिक्षकको व्यवस्था<br>• करका क्षेत्र र दर सम्वन्धमा प्रचार-प्रसार |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • पोशाकको रकम बा.वि.स र कर्मचारी<br>• विस्तृत कार्यपात्रो तयारी | | | | | | | |
| २०७५ | भाद्र | • मावि स्तरीय वक्तृत्व कला<br>• (०-५) का शिक्षकहरुको अंग्रेजी विषयको तालिम<br>• सामाजिक परिक्षण पहिलो हप्ता<br>• लेखा व्यवस्थापन तालिम<br>• वि.व्य.स.का अध्यक्षका लागि तालिम<br>• मासिक परिक्षा<br>• बहिरा विद्यालयको आयको लागि आर्थिक सहायता<br>• नगर शिक्षा समिति बैठक | • महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने, चौमाशिक रिभ्यु तथा अभिमुखीकरण गर्ने<br>• निःशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद<br>• अस्पतालहरुमा पाठेघरको मुखको क्यान्सरको जाँचको लागि VIA Set , तथा सिल्कन रिङ प्रेशरी खरिद | • व्यवसायिक पशुपालनका लागि सूचना आव्हान<br>• घाँसको बिउँको लागि खरिद प्रक्रिया शुरु गर्ने(कोषे तथा अकोषे )<br>• बधशाला निर्माण खरिद प्रक्रिया अगाडि बढाउने<br>• कृषक पाठशाला संचालनको लागी सामाग्री खरिद<br>• कृषक पाठशाला संचालन शुरु,<br>• तरकारी खेतीको लागी बीउ खरिद तथा बितरण<br>• कृषि बजार पूर्बधार निर्माण को लागी सम्झौता | • जनप्रतिनिधि तालिम<br>• विषयगत कर्मचारी तालिम | • लागत सहभागिताका योजना छनौट तथा सर्भे लागत अनुमान तयारी<br>• लागत सहभागिताका योजनाका लागि उपभोक्ता समिति गठन र रकम जम्मा गर्ने सूचना प्रसारण<br>• उपभोक्ता समिति गठन गर्न सूचना प्रसारण तथा गठन कार्य | • ठेक्काबाट कार्यान्वयन हुने योजनाको सर्भे तथा लागत अनुमान तयारी तथा सूचना प्रकाशन | • कार्यक्रम तथा आयोजना कार्यान्वय न तयारी तथा समीक्षा | • राजश्व परामर्श समितिको बैठक<br>• आ.व. ०७५/७६ को राजश्व संकलनको लागि कार्यदल खटाउने र कार्य शुरु<br>• आ.व. ०७५/७६ को राजश्व संकलनको लागि अनुगमन |
| २०७५ | आश्विन | • विषयगत तालिम मावि/आवि<br>• २३ गते विद्यालयगत साँस्कृतिक तालिम<br>• प्र.अ. क्षमता तालिम | • किशोर किशोरी कार्यक्रम अन्तरगत महिनावारी स्वास्थ्य व्यवस्थापनको लागी स्कूलमा स्यानेटरी प्याड वितरण"<br>• उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि, ल्याब सामाग्री | • व्यवसायिक पशुपालनका लागि परेका निवेदनको फिल्ड भेरिफिकेशन तथा कृषक/समुह छनौट | • अध्ययन भ्रमण<br>• बजार अनुगमन<br>• सडक सरसफाई | • लागत सहभागिताका योजना सम्झौता<br>• योजनाको पूर्व अनुगमन<br>• उपभोक्ता समितिबाट | • ठेक्काबाट कार्यान्वयन हुने योजनाको मूल्यांकन, सम्झौता तथा कार्यादेश | • सामाजिक परिक्षण | • राजश्व परामर्श समितिको बैठक<br>• राजश्व संकलनको |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • कक्षा ८ मा उत्कृष्ठ नतिजा ल्याउने छात्र/छात्राको लागि नगद पुरस्कार, नगर शिक्षा समितिको बैठक | ढुवानी, फर्म फरमेट फोटोकपी,ममर्त सम्भार, ल्याव तथा आवश्यक सामाग्री खरिद र ई-बि रजिस्टर .टि अध्यावधिक | • पशुपालन तालिम सामाग्री वितरण<br>• सानासिंचाइ/प्लाष्टीक पोखरीको लागी सुचना प्रसारण गरी निबेदन संकलन<br>• कृषक पाठशाला संचालन निरन्तर | | सञ्चालन हुने योजनाको सर्भे लागत, अनुमान तथा तयारी पहिलो चरणको अभिमुखिकरण<br>• दोस्रो चरणमा सञ्चालन हुने योजनाका लागि उपभोक्ता समिति गठन गर्न सूचना प्रसारण तथा गठन कार्य | | | लागि कार्यदल कार्य निरन्तर<br>• राजश्व संकलनको लागि अनुगमन निरन्तर |
| २०७५ | कार्तिक | •१४ गते प्र.अ. बैठक<br>• दोस्रो त्रैमासिक परिक्षा<br>• प्र.अ. अवलोकन भ्रमण<br>• विद्यालय शान्ति क्षेत्रको कार्यक्रम सञ्चालन, एक वडा एक नमूना विद्यालय छनौट कार्यक्रम | • भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रमका लागी म .स्व.स्वा.से. परिचालन खर्च २ चरण ) (कातिर्क र वैशाख<br>• एकीकृत शिशु तथा बाल्यकालीन पोषण र सुक्ष्म पोषकतत्व बाल ) (भिटा समुदाय प्रबर्धन कार्यक्रम समिक्षा, पुनरावलोकन र निरन्तर संचालन २७ जिल्ला | • पशुपालन तालिम सञ्चालन<br>• कृषक पाठशाला संचालन निरन्तर<br>• सिंचाइको लागी परेको निबेदन कम्पाईल गरी छनौट गरी संभौता<br>• मिनिटिलर तथा थ्रेसरको लागी सुचन प्रसारण तथा निबेदन संकलन | • अध्ययन भ्रमण<br>• जनप्रतिनिधि/कर्मचारी तालिम | • योजना कार्यान्वयनका लागि प्राविधिकको स्थलगत परिचालन<br>• उपभोक्ता समितिबाट सञ्चालन हुने थप योजनाको सर्भे लागत अनुमान तयारी तथा अभिमुखिकरण<br>• योजना अनुगमन<br>• | • ठेक्काबाट कार्यान्वयन हुने योजनाको सम्झौता तथा कार्यादेश<br>• ठेक्का सम्झौता भएको योजनाको ठेकेदारसँग समीक्षा बैठक | • सार्वजनिक सुनुवाई | • राजश्व परामर्श समितिको बैठक<br>• आ.व.०७६/७७ को लागि राजश्वको संभाव्यता अध्ययन र प्रक्षेपणका लागि कार्यदल गठन<br>• कार्यदलले सरोकारवाला संग छलफल |
| २०७५ | मंसिर | • प्र.अ. बैठक<br>• प्रश्नपत्र निर्माण कार्यशाला | • म.स्वा स्व से. दिवश मनाउने | • मिनिटिलर र थ्रेसर खरिद तथा बितरण | • जनप्रतिनिधि तालिम | • योजना अनुगमन<br>• प्रथम चरणमा सम्पन्न | • लिलाम गर्नुपर्ने समानहरुको | • आ.व. ०७५।७६ को प्रथम | • राजश्व परामर्श |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • अर्धवार्षिक परिक्षा<br>• नगर शिक्षा समिति बैठक<br>• विद्‌यालय अनुगमन संयुक्त | • उपचाररत क्षयरोगका बिरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवं चुनौती र क्षयरोग कार्यक्रममा भएका नया बिषयमा उपचार केन्द्रका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम | • साना सिंचाइ तथा पोखरी बाँकी संझौता<br>• मिनिटिलर संचालन तालिम<br>• अर्को कृषक पाठशाला संचालनको लागी समूह छनौट गरी बैठक संचालन<br>• पाठशालाको लागी सामाग्री खरिद<br>• आवश्यक क्षेत्रका लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रारम्भ | • विभिन्न समुह तालिम | योजनाको फरफारख | लिलाम गर्न सूचना प्रकाशन<br>• ठेक्का सम्झौता भएको योजनाहरुको ठेकेदार सँग समीक्षा | चौमासिक समिक्षा | समितिको बैठक<br>• आ.व. ०७६/७७ को लागि राजश्वको संभाव्यता अध्ययन र तथ्याङ्क विश्लेषण तथा प्रक्षेपण<br>• वडा सचिवसँग राजश्व संकलन समिक्षा<br>• कार्यपालिका बैठकमा राजश्व परिचालन समीक्ष |
| २०७५ | पौष | • नगरस्तरीय चित्रकला प्रतियोगिता कक्षा १-५<br>• कक्षा ८ को विद्यार्थी विवरण पेश<br>• मावि स्तरीय हाजिर जवाफ प्रतियोगिता | • म स्वा स्व से अर्धवार्षिक समीक्षा बैठक (जना)<br>• २४ घन्टे सेवा हुने स्वास्थ्य संस्थामा क्षयरोगमैत्री उपचार केन्द्र स्थापना<br>• विश्व एड्स दिवश मनाउने | • पहिलो कृषक पाठशाला समापन<br>• माटोको नमूना संकलन गर्न १ दिने स्थलगत घुम्ती तालिम संचालन<br>• आलुको बीउ खरिद तथा बितरण<br>• कृषि चुन खरिद तथा बितरण | • जनप्रतिनिधि तालिम<br>• कर्मचारी आचारसंहिता निर्माण<br>• बजार अनुगमन | • योजना अनुगमन<br>• उपभोक्ता समिति गठन हुन नसकेका योजनाको रकम काम सम्पन्न हुने चरणमा पुगेको योजनामा थप कामका लागि रकमान्तर | • खरिद मालसामान (कार्यालय सामान) भुक्तानी | | • राजश्व परामर्श समितिको बैठक<br>• आ.व. ०७६/७७ को राजश्व प्रक्षेपणको प्राम्भिक प्रतिवेदन |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • गरिव जेहेन्दार वालवालिकाको लागि छात्रवृत्ति<br>• नगर शिक्षा समितिको बैठक | | • अर्को कृषक पाठशाला संचालन | | • रकमान्तर भई थप विनियोजन भएका योजनाको लागत अनुमान तयारी र थप सम्झौता | | | कार्यपालिकामा पेश गर्ने (१५ गते भित्र)<br>• राजश्व संकलनको लागि अनुगमन निरन्तर |
| २०७५ | माघ | • शैक्षिक अर्न्तक्रिया<br>• नगर कप क्रिकेट प्रतियोगितमा<br>• आधरभूत तह स्तरीय निवन्ध प्रतियोगिता<br>• SEE टेस्ट परिक्षा<br>• नगर शिक्षा समितिको बैठक विद्यालय अनुगमन संयुक्त | • शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यकम निरन्तर संचालन ) कार्यक्रम निरन्तरता, पुनरावलोकन तथा नयाँ तथा विध्यमान स्वास्थ्यकर्मींहरूको ज्ञान सिप क्षमता अभिवृदि - २३ जिल्लाका २५८ पालिकाहरु भूकम्प प्रभावित जिल्ला समेत(<br>• दक्ष प्रसूति कर्मीहरुलाई अनसाईट कोचिङको लागी क्षमता अभिवृद्धी<br>• लामो अवधिको जन्मान्तरको लागि सेटलाइट सेवा | • किवीको बिरुवा खरिद तथा बितरण<br>• माटो जाँच शिबिर संचालन<br>• बेमौसमी तरकारी खेतीको प्लाष्टीक टनेल खरिदको लागी कोटेसन<br>• गोलभेडाको बीउ खरिद तथा बितरण | • अध्ययन भ्रमण | • योजना अनुगमन मूल्यांकन तथा फरफारक योजनाको रकम काम सम्पन्न हुने चरणमा पुगेको योजनामा थप कामका लागि रकमान्तर<br>• रकमान्तर भई थप विनियोजन भएका योजनाको लागत अनुमान तयारी र थप सम्झौता | | • सार्वजनिक सुनुवाई | • राजश्व परामर्श समितिको बैठक<br>• नगरपालिका स्थापना दिवस सम्मान पुरस्कृत गर्न उत्कृष्ठ करदाता छनौट<br>• राजश्व संकलनको अर्धवार्षिक समीक्षा |
| २०७५ | फाल्गुण | • मावि स्तरीय शैक्षिक प्रदर्शनी<br>• प्र.अ. बैठक<br>• नगर शिक्षा अधिकारी तथा प्र.अ.को अवलोकन भ्रमण<br>• मासिक परिक्षा | • अब्स्टेटिक फिस्टुला र पाठेघर खस्ने रोगीको स्क्रिनिंग, रिंगपेशरी तथा VIA जाँच<br>• पूर्ण खोप गा.पा., न.पा. सुनिश्चितता र दीगोपना सुक्ष्म योजना अध्यावधिकको लागि | • प्लाष्टीक टनेल खरिद<br>• बिषादी नियन्त्रण कार्यकम कार्यकम अनुगमन , निरिक्षण | • जनप्रतिनिधि तालिम | • योजना अनुगमन तथा मूल्याँकन तथा फरफारक | | • आयोजना को प्राथमिकि करणको आधार तथा मार्गदर्शन तयारी | • राजश्व परामर्श समितिको बैठक<br>• राजश्व संकलनको लागि |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • नगर शिक्षा समितिको बैठक<br>• विद्यालय अनुगमन संयुक्त | न पा., गापा खोप. समन्वय समिति, स्वास्थ्य संस्था प्रमुख सहित न .पा. गाप्रमुख .पा. तथा वडा प्रमुखहरु र सरोकारवालाहरुको १ दिने गोष्ठी ७७ ) जिल्लाका सबै स्थानिय (तह<br>• पहुँच नपुगेका र ड्रप आउट वच्याको (छुट) खोजी तथा पूर्ण खोप दिलाउन महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अभिमूखिकरण र योजना निर्माण ७७ ) जिल्लाका सबै स्वास्थ्य संस्था( | | | | | | अनुगमन निरन्तर |
| २०७५ | चैत्र | • एक गते प्र.अ. बैठक<br>• वार्षिक परिक्षा<br>• २८ गते नतिजा प्रकाशन<br>• वर्षिक शैक्षिक क्यालेण्डर निर्माण २०७६<br>• नगर शिक्षा योजना निर्माण<br>• दरवन्दी मिलान कार्य | • स्वास्थ्य प्रबर्धन मेरो वर्ष ) अभियान, महामारी, सर्ने ,नसर्ने रोग रोकथाम, प्रजनन तथा बाल बाताबरण स्वास्थ्य आदिस्वास्थ्य संचार ( सचेतना कार्यक्रम<br>• पूर्ण खोपको दीगोपनाको लागि साझेदार र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका सदस्य र वडा खोप समन्वय समितिहरुसँग अन्तरक्रिया, स्थानीय | • कार्यक्रम अनुगमन , निरिक्षण निरन्तर<br>• अगुवा कृषक भ्रमण<br>• बाँदर नियन्त्रको प्रकृय | • अध्ययन भ्रमण<br>• बजार अनुगमन | • योजना अनुगमन तथा मूल्याँकन तथा फरफारक | | • आ.व. ०७५।७६ को द्वितीय चौमासिक समिक्षा<br>• कुल स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | • राजश्व परामर्श समितिको बैठक<br>• वडा सचिवसँग राजश्व संकलन समिक्षा<br>• राजश्व संकलनको लागि अनुगमन निरन्तर |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • नगर शिक्षा समितिको बैठक<br>• शिक्षक डायरी निर्माण | योजना निर्माण ७७ ) जिल्ला, सबै स्वास्थ्य संस्था(<br>• खोप ऐन, नियमावली, एको .आई.एफ.ई. जानकारी खोप कार्यक्रमको समिक्षा, सूक्ष्म योजना अध्यावधिक कार्यक्रम २ दिने ७५३ तह (स्वास्थ्य संस्था प्रमुख, खोप कार्यकर्ता समेत ( | | | | | | • कार्यपालिकामा राजश्व परामर्श समीक्षा |
| २०७६ | वैशाख | • विद्यार्थी भर्ना सप्ताह (१ गते देखि ७ गते)<br>• प्र.अ बैठक<br>• नतिजा विश्लेषण<br>• विद्यालय बाहिर रहेका र बाबु आमा नभएका वालवालिकाको लागि विद्यालय ल्याउन वडागत तथ्याङ्क संकलन<br>• नगर शिक्षा समितिको बैठक<br>• विद्यालय अनुगमन संयुक्त<br>• शैक्षिक अर्न्तक्रिया<br>• नगर शिक्षा समितिको बैठक | • भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रमका लागी म.से .स्व.स्वा. परिचालन खर्च २ चरण ) (कातिर्क र वैशाख<br>• एकीकृत शिशु तथा बाल्यकालीन पोषण र सुक्ष्म पोषकतत्व बाल ) (भिटा समुदाय प्रबर्धन कार्यक्रम समिक्षा, पुनरावलोकन र निरन्तर संचालन २७ जिल्ला<br>• खोपको पहुँच बढाई छुट बच्चालाई खोप दिलाई पूर्णखोप सुनिश्चित गर्न वैशाख महिनालाइ खोप महिना संचालन गर्ने | • प्लाष्टीक टनेल बितरण<br>• कार्यकम अनुगमन , निरिक्षण निरन्तर | • जनप्रतिनिधि तालिम<br>• बजार अनुगमन | • योजना अनुगमन,मूल्याँकन तथा अन्तिम फरफारक | • स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति बैठक<br>• वडास्तीय पूर्व योजना तर्जुमा परामर्श गोष्ठी<br>• नगर स्तरीय पूर्व योजना तर्जुमा गोष्ठी<br>• वस्तीस्तरीय भेला तथा वडास्तीय योजना प्राथमिकिकरण | | • राजश्व परामर्श समितिको बैठक<br>• राजश्व संकलनको लागि अनुगमन निरन्तर |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | • सवै किसिमका वालवालिकालाई विद्यालयको पहूँच अभिवृद्धि गर्न घरदैलो कार्यक्रम<br>• हरेक शिक्षकले पूर्व शिक्षण योजनाको शुरुवात गर्ने | | | | | | | |
| २०७६ | जेठ | • शिक्षकको बिदा प्रमाणित<br>• मासिक परिक्षा<br>• विद्यालय अनुगमन संयुक्त<br>• तहगत मापन परिक्षा<br>• नगर शिक्षा समिति बैठक | • म स्वा स्व से अर्धवार्षिक समीक्षा बैठक (जना)<br>• नीजि स्वास्थ्य संस्था अस्पताल), नर्सिङ होम पोलीक्लीनिकसंग ( समन्वय गरी क्षयरोग उपचार व्यवस्थापन मुलप्रवाहीकरण निरन्तरता | • दोश्रो कृषक पाठशाला समापन अलैची तथा कागतीको बिरुवा व्यवस्था | • बजार अनुगमन | | • नगरस्तीय योजना प्राथमिकिकरण<br>• नगरस्तरीय योजनाको प्रारम्भिक छनौट<br>• नगर सभाको तयारी | | • राजश्व परामर्श समितिको बैठक<br>• आर्थिक विधेयकको मस्यौदा तयारी |
| २०७६ | आषाढ | • प्र.अ. बैठक<br>• विद्यालय साँस्कृतिक कार्यक्रम<br>• उत्कृष्ठ शिक्षक विद्यालय र विद्यार्थी पुरष्कृत | • म स्वा स्व से हरुलाइ दीर्घकालीन सेवाका लागि सम्मानजनक बिदाइ (जना(<br>• उपचाररत क्षयरोगका बिरामीको उपचारको कोहर्ट नतिजा, कार्यक्रमको प्रगति एवं चुनौती र क्षयरोग कार्यक्रममा भएका नया बिषयमा उपचार केन्द्रका स्वास्थ्य कर्मीहरुलाई अध्यावधिक गर्ने उपचार केन्द्र स्तर कोहर्ट विश्लेषण कार्यक्रम | • अलैची, चिया तथा बर्षे फलफूलको बिरुवा बितरण (कागती) | • बजार अनुगमन | | • कार्यक्रम तथा आयोजनाको अन्तिम छनौट<br>• नगर सभा | | • राजश्व परामर्श समितिको बैठक<br>• वडा सचिवसँग राजश्व संकलन समिक्षा<br>• राजश्व सम्वन्धी ठेक्का बन्दोबस्तको |

| वर्ष | महिना | शिक्षा | स्वास्थ्य | कृषि, पशुपालन तथा वन | सामाजिक क्षेत्र | पूर्वाधार निर्माण | सार्वजनिक खरिद | योजना तर्जुमा तथा समिक्षा | राजस्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नोट :<br>• पोषण सम्बन्धि राष्ट्रिय दिवस संचालन स्तनपान सप्ताह), आयोडिन महिना, बिद्यालय स्वास्थ्य तथा पोषण सप्ताह आदि लगायत कार्य संचालनको लागि बहुक्षेत्रीय पोषण योजना लागु भएका बाहेकका जिल्लाका ४४५ ओटा स्थानीय निकायहरुको लागि(<br>- **क्यालेन्डर अनुसार गरिनेछ ।**<br>• नियमित रूपमा खानेपानी गुणस्तर निगरा गर्ने - **निदेशिका अनुसार गरिनेछ ।**<br>• परिवार नियोजन, सुरक्षित मातृत्व, FCHV सेवा दिवस मनाउने ( **क्यालेन्डर अनुसार गरिनेछ ।**)<br>• वन्ध्याकरण घुम्ती शिविर अगावै म.स्वा.से.सँग छलफल - **शिविर संचालनकसँग समन्वय गरि**<br>• रोटा खोप शुरुवात गर्न स्वास्थ्य संस्था स्तरमा स्वास्थ्यकर्मीहरुको अभिमूखिकरण एक दिने (७७ जिल्ला) - **निदेशिका अनुसार गरिनेछ ।** | | | | | | सूचना प्रकाशन |

**द्रष्टव्य :** १. कार्यान्वयन पात्रो अनुरुप कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित शाखा प्रमुखको हुनेछ ।

२. कार्यान्वयन पात्रो अनुरुप कार्य भए नभएको अनुगमन गरी मासिक प्रगति प्रतिवेदन तयार गर्ने गराउने जिम्मेवारी सम्बन्धित शाखा प्रमुखको हुनेछ ।